# "Workshop on Audit of NFRS Compliant SMEs" विषयक कार्यक्रम

## १. पोखरा कार्यक्रम

### क. पृष्ठभुमी

लेखापरीक्षणमान बोर्डले मिति २०७९ भाद्र ९, १० र ११ गते टुकी रिसोर्ट पोखरामा Workshop on Audit of NFRS Compliant SMEs विषयक तिन दिने सञ्चालन गरेको थियो । उक्त कार्यक्रमको समुद्घाटनमा लेखापरीक्षणमान बोर्डका अध्यक्ष श्री अनुप कुमार श्रेष्ठ, लेखापरीक्षणमान बोर्डका सदस्य श्री बहादुर सिंह बिष्ट, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था पोखरा शाखा संयोजक श्री लक्ष्मण अधिकारी, अडान गण्डकी प्रदेश संयोजक श्री शिवराज बराल तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका चार्टर्ड एकाउन्टेन्ट्स र रजिष्टर अडिटर सदस्यहरु लगायतको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा लेखापरीक्षणमान बोर्डका अध्यक्ष श्री अनुप कुमार श्रेष्ठ, लेखापरीक्षणमान बोर्डका सदस्य श्री बहादुर सिंह बिष्ट, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था पोखरा शाखा संयोजक श्री लक्ष्मण अधिकारी, अडान गण्डकी प्रदेश संयोजक श्री शिवराज बराल लगायतका महानुभावहरुले कार्यक्रमका महत्वका सम्बन्धमा प्रकाश पार्दै मन्तव्य दिनुभएको थियो । सो कार्यक्रममा २ जना श्रोत व्यक्तिहरुले ३ दिनमा १२ शेशनमा आफ्नो प्रस्तुतीकरण मार्फत सहभागिहरुलाई सचेतना प्रदान गर्नु भएको थियो । कार्यक्रममा उपस्थित सम्पुर्ण सहभागीहरुले आआफ्नो लागि ल्यापटप ल्याउनु भएको थियो भने तालिम सामग्री सोहि ल्यापटप तथा प्रोजेक्टर स्किनबाट हेर्दै प्रशिक्षकहरुले दिनु भएको उदाहरण अभ्यास पनि गर्नु भएको थियो । उक्त कार्यक्रमको समापन समारोहमा लेखापरीक्षणमान बोर्डका अध्यक्ष श्री अनुप कुमार श्रेष्ठ, लेखापरीक्षणमान बोर्डका सदस्य श्री बहादुर सिंह बिष्ट, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था पोखरा शाखा संयोजक श्री लक्ष्मण अधिकारी, अडान गण्डकी प्रदेश संयोजक श्री शिवराज बरालको उपस्थिति रहेको थियो । ३७ जनाले सहभागिता जनाएको उक्त कार्यक्रमको अन्त्यमा लेखापरीक्षणमान बोर्डका अध्यक्ष श्री अनुप कुमार श्रेष्ठ, लेखापरीक्षणमान बोर्डका सदस्य श्री बहादुर सिंह बिष्ट, प्रशिक्षकद्धय बिदुर लुइटेल र प्रविन राज काफ्लेज्युले सहभागीहरुलाई प्रमाणपत्र प्रदान गर्नुभएको थियो । उक्त कार्यक्रमको व्यवस्थापनका लागि लेखापरीक्षणमान बोर्डमा प्रशासकिय अधिकृत श्री मनोज भट्टराई, उपस्थिति रहेको थियो ।

### ख. कार्यक्रममा सहभागीहरुको चिनारी (Profile)

उक्त कार्यक्रममा ६ जना नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका (सिए) सदस्यहरु, ३० जना नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका (रजिष्टर्ड अडिटर) सदस्यहरु र १ जना एकाउन्टिङ टेक्निसिएन गरी कूल ३७ जनाले आफ्नो सहभागिता जनाउनु भएको थियो ।

### ग. श्रोत व्यक्तिहरु :

श्रोत व्यक्तिहरुमा व्यवसायीक लेखाबिज्ञहरु तथा लेखापरीक्षण विज्ञहरु २ जना श्रोत व्यक्तिका रुपमा हुनुहुन्थ्यो । श्रोत व्यक्तिको छनौट उहाँहरुको अनुभव र तालिस सञ्चालन सम्बन्धी विज्ञतालाई आधार लिईएको थियो । निम्न लिखित महानुभावहरु श्रोत व्यक्तिको रुपमा रहनु भएको थियो:

क. श्री प्रविन राज काफ्ले, एफ.सि.ए

ख. श्री बिदुर लुईटेल, एफ.सि.ए.

# पोखरामा सम्पन्न कार्यक्रमका केही झलकहरु

AuSB/Nepal

**Workshop on Audit of Nepal Financial Reporting Standards (NFRS) Compliant SMEs**

**Date: August 25-27, 2022**

**Location: Pokhara**

**Organized by:**

**Auditing Standards Board (AuSB), Nepal**

(Formed by Government of Nepal Under the Nepal Chartered Accountants Act, 1997)
P.O. Box: 24862, 5th floor, ICAN Building, Satdobato Lalitpur, Nepal E-mail: ausb@standards.org.np, Website: www.ausb.org.np, Tel: +977-01-5539437








**"Awareness Program on Nepal Standards on Auditing with Special Focus to Audit Documentation and Quality Control SMEs" विषयक कार्यक्रम**

**२. भक्तपुर कार्यक्रम**

**क. पृष्ठभुमी**

आन्तरिक राजस्व विभाग र लेखापरीक्षणमान बोर्डले संयुक्तरुपमा मिति २०८० बैशाख ८ र ९ गते होटल भ्यू भक्तपुर, भक्तपुरमा Awareness Program on Nepal Standards on Auditing with Special Focus to Audit Documentation and Quality Control SMEs विषयक दुई दिने सञ्चालन गरेको थियो । उक्त कार्यक्रमको समुद्घाटनमा लेखापरीक्षणमान बोर्डका अध्यक्ष श्री अनुप कुमार श्रेष्ठ, लेखापरीक्षणमान बोर्डका महालेखापरीक्षकको कार्यालयका प्रतिनिधि बोर्ड सदस्य श्री तारा प्रसाद पाण्डे, लेखापरीक्षणमान बोर्डका सदस्य श्री बहादुर सिंह बिष्ट, अडान केन्द्रिय कमिटी सदस्य श्री हिरा रत्न बज्राचार्य, अडान भक्तपुर जिल्ला कमिटी अध्यक्ष श्री सरोज कुमार भण्डारी तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका चार्टर्ड एकाउन्टेन्ट्स र रजिष्टर अडिटर सदस्यहरु लगायतको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा लेखापरीक्षणमान बोर्डका अध्यक्ष श्री अनुप कुमार श्रेष्ठ, लेखापरीक्षणमान बोर्डका सदस्य श्री बहादुर सिंह बिष्ट, अडान केन्द्रिय कमिटी सदस्य श्री हिरा रत्न बज्राचार्य लगायतका महानुभावहरुले कार्यक्रमका महत्वका सम्बन्धमा प्रकाश पार्दै मन्तव्य दिनुभएको थियो । सो कार्यक्रममा ४ जना श्रोत व्यक्तिहरुले २ दिनमा ८ शेशनमा आफ्नो प्रस्तुतीकरण मार्फत सहभागिहरुलाई सचेतना प्रदान गर्नु भएको थियो । उक्त कार्यक्रमको समापन समारोहमा लेखापरीक्षणमान बोर्डका अध्यक्ष श्री अनुप कुमार श्रेष्ठ, आन्तरि राजस्व विभागका महानिर्देशक श्री दीर्घ राज मैनाली, आन्तरिक राजस्व कार्यालय, भक्तपुरका प्रमुख कर अधिकृत श्री तारा प्रसाद भुषालको उपस्थिति रहेको थियो । ६६ जनाले सहभागिता जनाएको उक्त कार्यक्रमको अन्त्यमा लेखापरीक्षणमान बोर्डका अध्यक्ष श्री अनुप कुमार श्रेष्ठ, आन्तरिक राजस्व विभागका महानिर्देशक श्री दीर्घ राज मैनाली, आन्तरिक राजस्व कार्यालय, भक्तपुरका प्रमुख कर अधिकृत श्री तारा प्रसाद भुषालज्यूले सहभागीहरुलाई प्रमाणपत्र प्रदान गर्नुभएको थियो । उक्त कार्यक्रमको व्यवस्थापनका लागि लेखापरीक्षणमान बोर्डका प्रमख कार्यकारी अधिकृत सिए नविन देवकोटा, प्रशासकीय अधिकृत श्री मनोज भट्टराई र लेखापाल श्री जिवन दाहालको उपस्थिति रहेको थियो ।

**ख. कार्यक्रममा सहभागीहरुको चिनारी (Profile)**

उक्त कार्यक्रममा ३ जना नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका (सिए) सदस्यहरु, ५८ जना नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका (रजिष्टर्ड अडिटर) सदस्यहरु र ३ जना आन्तरिक राजस्व कार्यालय भक्तपुरका कर अधिकृत र अन्य २ जना लेखा व्यवसायी गरी कूल ६६ जनाले आफ्नो सहभागिता जनाउनु भएको थियो ।

**ग. श्रोत व्यक्तिहरु :**

श्रोत व्यक्तिहरुमा व्यवसायीक लेखाबिज्ञहरु तथा लेखापरीक्षण विज्ञहरु ४ जना श्रोत व्यक्तिका रुपमा हुनुहुन्थ्यो । श्रोत व्यक्तिको छनौट उहाँहरुको अनुभव र तालिस सञ्चालन सम्बन्धी विज्ञतालाई आधार लिईएको थियो । निम्न लिखित महानुभावहरु श्रोत व्यक्तिको रुपमा रहनु भएको थियो:

- क. श्री अनुप कुमार श्रेष्ठ, एफ.सि.ए, अध्यक्ष, लेखापरीक्षणमान बोर्ड
- ख. श्री बैकुण्ठ बहादुर अधिकारी, एफ.सि.ए, नायव महालेखापरीक्षक, महालेखापरीक्षकको कार्यालय
- ग. श्री किरण कुमार खत्री, सि.ए, निर्देशक, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
- घ. श्री तारा प्रसाद भुषाल, प्रमुख कर अधिकृत, आन्तरिक राजस्व कार्यालय, भक्तपुर

# भक्तपुरमा सम्पन्न कार्यक्रमका केही झलकहरु

**Awareness Program**
**On**
**Nepal Standards on Auditing with**
**Special Focus to Audit Documentation and Quality Control**

AuSB/Nepal

**Jointly Organized by:**
**Inland Revenue Department & Auditing Standards Board (AuSB), Nepal**
**21st and 22nd April, 2023**
**Bhaktapur**











